**रेइवा २ साल अप्रिल २ तारिख**

**नयाँ कोरोना भाइरस संक्रमणको फैलावट रोकथामका लागि, फुकुओका प्रिफेक्चरका प्रमूख अधिकारीद्वारा प्रिफेक्चर निवासी समक्ष, तल उल्लेख भए अनुसार सकेसम्म शनिवार तथा आइतवार आ-आफ्नो निवासमा रहनुहुनको लागि आह्वान गरिएको छ ।**

**【वर्तमान अवस्था】**

| | |
|---|---|
| हाल सम्मको संक्रमित सङ्ख्या | ७८ जना |
| अप्रिल १ तारिखमा संक्रमण भएको पत्ता लागेकाको सङ्ख्या | ३२ जना (हाल सम्मको सर्वाधिक) |
| संक्रमण मार्ग पत्ता नलागेका व्यक्ति | ६०% भन्दा बढी |

↓　↓　↓

○ उप्रान्त अझै वृद्धि हुने अनुमान गरिएको
○ संक्रमण तथा संक्रमणको फैलावटको रोकथामको लागि महत्वपूर्ण अवधि भएको
○ आज गरिने हरेक व्यक्तिको गतिविधिले १ हप्ता, २ हप्ता पछिको परिस्थितिको निर्धारण हुने

**【आह्वानका ठोस बुँदाहरू】**

- ◆ **यो हप्ता देखि १९ तारिख सम्मको शनिवार तथा आइतवार सकेसम्म आ-आफ्नो निवासमा रहनुहोस्**
- ◆ 'ढोका झ्याल बन्द गरिएका स्थल', 'असङ्ख्य मान्छेहरू जमघट हुने स्थल', 'परस्परको दूरी नजिक हुने स्थल', यी ३ अवस्था एकैपटक मेलखाने स्थलमा नजानुहोस्
- ◆ राम्रोसँग हात धोई, खोक्दा मुख छोप्ने जस्ता मर्यादाको पालना गर्नुहोस्
- ◆ नयाँ कोरोना भाइरस संक्रमणको आशङ्का लागेको खण्डमा, स्वास्थ्य केन्द्रमा फोन गरी सल्लाह गर्नुहोस् (स्वास्थ्य केन्द्रको सम्पर्क सूचीमा हेर्नुहोस्)
- ◆ अस्पतालमा जाँच गराउँन जाँदा, सीधै जचाउन नगई, जानुभन्दा अगाडि अनिवार्यरूपमा फोन गरी सल्लाह गर्नु होस्
- ◆ टोक्यो वा ओशाका आदि जस्ता संक्रमण फैलिरहेको महानगरमा सकेसम्म नजानुहोस्
- ◆ विदेश जाने बारेमा, जापानी परराष्ट्र मन्त्रालयद्वारा जारी गरिएको आह्वान अनुसार चल्नुहोस्